

# सावर्जनिक-निजी साझेदारी नीति

(स्थानीय निकायको लागि)

२०६०

नेपाल सरकार

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं

# विषय सचूी


| | |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. उद्देश्य | २ |
| ३. नीति | २ |
| ४. कार्यनीति | ४ |
| ५. साझेदारीको स्वरूप | ५ |
| ६. स्थानीय निकायको सम्पत्तिसम्बन्धी अधिकार | ५ |
| ७. सुरक्षण तथा करार हस्तान्तरण सम्बन्धी व्यवस्था | ५ |
| ८ काननूको तर्जुमा | ६ |
| ९ सार्वजनिक-निजी साझेदारी समिति | ६ |
| १०सार्वजनिक-निजी साझेदारीसम्वन्धी विवाद समाधान | ६ |
| ११ निर्देसिका तथा कार्यन्वयनकार्यबिधि | ६ |

## १. पृष्ठभूमि

नेपालमा बढ्दो जनसङ्ख्या तथा शहरीकरणसंगै बढिरहेको स्थानीय पूर्वाधार तथा सेवाहरूको मागलाई स्थानीय निकायहरूर सरकारद्वारा प्रदान गरिएको आथिर्क श्रोत तथा सीमित स्थानीय स्रोतले मात्र पूरा गर्न सकिने अवस्था छैन । नेपालको अन्तरिम संविधान, २०६३ अनुसार निर्देशित नीति तथा सिद्धान्त एवंस्थानीय स्वायत्त शासन ऐन, २०५५ ले अवलम्वन गर्दै आएको विकेन्द्रीकरणको सिद्धान्तअनुरूप स्थानीय सेवालाई सुनिश्चित, गुणस्तरीय र दिगो बनाई वर्तमान सेवा पद्धतिलाई सुधार गर्न स्थानीयस्तरमा निजी क्षेत्रका साझेदारहरूलाई उपयुक्त ढंगले समावेश गराउँदा स्थानीय निकायको क्षमतामा अभिवृद्धि हुँदै आर्थिक विकास तथा गरीबी निवारणमा समेत टेवा पुग्ने संभावना पर्याप्त छ । यसको माध्यमवाट स्थानीयस्तरमा सुसंगठित रूपले सक्षम, दिगो, गुणस्तरीय तथा सर्वसुलभ आधारभूत पूर्वाधारको स्थापना तथा सेवा प्रदान गर्न सकिने कुरामा नेपाल सरकारले विश्वास राखेको छ । पूर्वाधार स्थापना एवं सेवा सुविधा प्रवाहका विविध पक्षहरुमा सावर्ज निक-निजी क्षेत्रको साझदोरीको विकास गर्ने भन्ने नीति दशौं योजनाले अङ्गीकार गरको हुँदा स्थानीय निकायको तहमा सार्वजनिक-निजी साझेदारीलाई प्रवद्र्धन गर्न आवश्यक देखिएको छ । सार्वजनिक पूर्वाधार निर्माण, सञ्चालन तथाहस्तान्तरण सम्बन्धी नीति २०५७ र हालै जारी भएको पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धीअध्यादेशले सार्वजनिक-निजी साझेदारीको विकासमा उल्लेखनीय भूमिका खेल्ने अपेक्षा गरिएको छ । उक्त नीति रअध्यादेशले स्थानीय निकायस्तरमा गरिने साझेदारीलाई अपेक्षाकतृ समेट्न् नसको र दशौ योजनामा गरै सरकारीसंस्था, नागरिक समाज तथा निजी क्षेत्रसँगको सहकार्य र सहभागिताको आधारमा प्रभावकारी रूपमा स्थानीय निकायहरूको योजना कार्यान्वयन गर्ने नीतिलाई दृष्टिगत गरी यस सम्बन्धी नीतिगत ब्यवस्था गर्न आवश्यक

देखिएको हुदाँ नेपाल सरकारले यो नीति तजर्मु गरी जारी गरको छ । यसबाट स्थानीय निकायस्तरमा निजी क्षेत्रको लगानी प्रवद्र्धन गर्दा निरन्तर, विश्वसनीय र गुणस्तरीय सेवा प्रवाह पद्धति विकसित गर्नमा टेवा पुग्न गै गरीबी निवारण, आर्थिक विकास तथा सरकारको विकास योजनाको लक्ष्य पुरा गर्नकालागि समेत यो नीतिले प्रभावकारी भूमिका खेल्ने नेपाल सरकारले अपेक्षा गरेको छ ।

## २. उद्देश्य

स्थानीय स्वायत्त शासन अन्तर्गत दीगो विकासका लागि अधिकारमा आधारित सेवा प्रदान गर्ने कार्यमा निजी क्षेत्रलाई सहभागी हुन प्रोत्साहित गरी स्थानीय विकासमा समाहित गर्ने यस नीतिको मुख्य उद्देश्य रहको छ । यस नीतिका अन्य उद्देश्यहरू निम्न अनुसार रहेका छन् ।

क) आर्थिक संरचना तथा स्थानीय पूर्वाधारको निर्माण,संचालन र व्यवस्थापनमा निजी क्षेत्रको लगानी, प्रविधि र व्यवस्थापकीय दक्षतालाई आकर्षित गरी उपयोग गर्ने,

ख) स्थानीय सेवा तथा सुविधाहरूको व्यवस्थामा साझदोरीको भावना अनुरुप निजी क्षेत्र, समुदाय र गरै सरकारी सस्थालाई अधिकतम परिचालन गर्ने,

ग) राज्यले नागरिकलाई प्रदान गर्नुपर्ने सेवा र सुविधाहरू स्थानीय निकाय मार्फत् पु¥याउने पद्धतिको विकास गर्ने ।

## ३. नीति

स्थानीय निकायले जनतालाई पुर्याउनु पर्ने सेवा, सुविधा तथा पूर्वाधार संरचनाको निर्माण, विकास वा पुनरस्थापना गर्न-गराउन नेपाल सरकारले देहायका नीति लिएको छ ।

क. स्थानीय तहमा उपलव्ध श्रोतको अधिकाधिक सदुपयोग गर्न गराउन निजी तथा गैर सरकारी क्षेत्रको सहभागितामा अभिवृद्धि गरी त्यसलाई दिगो, भरपर्दाे सेवा र विकास मूलक ढगंले सदपुयोग गर्ने,

ख. निजी क्षेत्रको सहभागिताबाट गरिएको लगानीको सदुपयोग गरी अत्यधिक प्रतिफल प्राप्त गर्ने एवं निजी क्षेत्रको लागि लगानी तथा पुनर्लगानीको वातावरण सिजर्ना गर्ने,

ग. निजी क्षेत्रलाई सार्वजनिक-निजी साझेदारीमा प्रोत्साहन र प्रवद्धन गर्न आवश्यक सहयोग र सुविधा उपलब्ध गराउने,

घ. सार्वजनिक-निजी साझेदारीको कार्यविधि अवलम्वन गरी स्थानीय स्वायत्त शासन पद्धतिलाई सक्षम, सुदृढ, पारदर्शी र प्रतिस्पर्धी बनाउने,

ङ निजी क्षेत्रले बढी प्रभावकारी रुपमा कार्यान्वयनगर्न सक्ने सेवा तथा विकासका कार्यक्रमहरुको संचालन गर्ने व्यवस्था स्थानीयस्तरबाटै गर्न गराउन प्राथमिकता दिने,

च. प्रयोगमा नआएको स्थानीय पुँजी र प्रविधिको समुचित प्रयोग गर्न नयाँ लगानीका क्षेत्रहरूको प्रवद्र्धन र विकास गरी स्थानीयस्तरमा नै रोजगारीका अवसरहरूको सिर्जना गरी स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने,

छ. जनजाति, आदिबासी, दलित, महिला र सामाजिक-आर्थिक विकासको दृष्टिकोणले पिछडिएका वर्ग एवं गरीबहरूलाई प्रत्यक्ष वा परोक्ष रूपमा लाभ पु¥याउने गरी आधारभूत सेवा एकीकृत रुपमा प्रदान गर्नको लागि सावर्ज निक-निजी साझेदारीलाई प्रेरितगर्ने,

ज. निजी क्षेत्र, समुदाय र गैरसरकारी क्षेत्रसँगको साझेदारीको विकासको लागि स्थानीय निकायहरूको अन्तरसम्वन्ध र साझेदारीको विकास गरी स्थानीय श्रोतको परिचालन, उपयोग र वाँडफाँड स्थानीय परिस्थिति सुहाउँदो हुनेगरी स्थानीयस्तरमै एकीकृत रुपमा गर्ने व्यवस्था मिलाउने ।

## ४. कार्यनीति

सार्वजनिक-निजी साझेदारी नीतिका उद्देश्यहरू हासिल हुनेगरी यसले अवलम्बन गरेका नीतिहरू कार्यान्वयन गर्न देहायका कार्यनीतिहरू अवलम्बन गरिनेछ ।

क. सार्वजनिक-निजी साझेदारीको अवधारणालाई स्थानीय निकायको प्रत्येक तहमा पु¥याउन सम्बन्धित मन्त्रालयले स्थानीय निकायको साझेदारीमा सो सम्बन्धमा उपयुक्त कार्यक्रमहरू सञ्चालन गर्ने ।

ख. साझेदारीसम्बन्धी आवश्यक ज्ञान र सीपहरू प्रदान गरी स्थानीय निकायहरूको क्षमता अभिबृद्धि गर्न कार्यक्रम सञ्चालन गर्ने ।

ग. सम्बन्धित सरोकारवालाहरूबीच निरन्तर सम्बाद गरी आपसी सहमति बमोजिम साझेदारीको प्रवद्र्धन गर्न स्थानीय निकायको तहमा उपयुक्त संयन्त्रको विकास र वातावरण श्रृजना गर्ने ।

घ. यो नीतिलाई प्रभावकारी रूपले कार्यान्वयन गर्न केन्द्रीयस्तरमा गर्नु पर्ने समन्वयका कार्यहरू गर्न मन्त्रालयस्तरमा एक समन्वय एकाइको ब्यवस्था गर्ने ।

ङ. साझेदारी सम्बन्धी कार्यलाई दिगो, भरपर्दो र प्रभावकारी बनाउन स्थानीय निकायहरूलाई निरन्तर प्रोत्साहित गर्ने, उत्कृष्ट कार्य गर्ने स्थानीय निकायलाई सम्मानित गर्ने तथा निरन्तर अनुगमन र मूल्याङ्ककनको प्रक्रिया अवलम्बन गर्ने ।

च. यस नीतिको कार्यान्वयनलाई सहज बनाउँनका लागि स्थानीय निकायहरूको संघ, महासंघ तथा निजी क्षेत्रका संघ, संस्था, महासंघहरूको भूमिकालाई बलियो र उपलब्धिमूलक बनाउन कार्यात्मक एवं समन्वयात्मक वातावरण बनाउने ।

छ. सार्वजनिक-निजी साझेदारी कार्यपद्धतिको माध्यमवाट स्थानीय निकायको काम कारवाहीमा पारदर्शिता अभिवृद्धि गरी जिम्मेवारी र उत्तरदायित्वको निर्वाह गर्नमा सहयोग पुर्याउने ।

## ५. साझेदारीको स्वरूप

५.१ सार्वजनिक-निजी क्षेत्रको साझेदारीमा परियोजना तथा कार्यक्रमहरुको कार्यान्वयन देहायका तरिकाबाटगर्न सकिनेछ ।

क) सेवा करार

ख) व्यवस्थापन करार

ग) निर्माण तथा हस्तान्तरण

घ) निर्माण, संचालन तथा हस्तान्तरण

ङ) निर्माण, स्वामीत्वकरण, संचालन तथा हस्तान्तरण

च) निर्माण, हस्तान्तरण तथा संचालन

छ) विकास, संचालन तथा हस्तान्तरण

ज) पट्टा (लिज) निर्माण, संचालन तथा हस्तान्तरण

झ) यस्तै अन्य तरिकाबाट (प्रचलित ऐन कानूनको परिधिभित्र रही)

## ६. स्थानीय निकायको सम्पत्ति सम्बन्धी अधिकार

स्थानीय निकायहरूको सम्पत्ति तथा स्थानीय निकायको भौगोलिक क्षेत्रभित्र रहेका सार्वजनिक सम्पत्तिहरू साझेदारीमा प्रयोग गर्न सकिने गरी त्यसको भोगाधिकार, जमानत, हस्तान्तरण आदि सम्वन्धमा उपयुक्त व्यवस्था गरिनेछ ।

## ७. सुरक्षण तथा करार हस्तान्तरण सम्बन्धी व्यवस्था

स्थानीय निकायको हक अधिकार भएको वा त्यस्तो हक अधिकार सृजना हुने प्रकृतिको जेथा, सम्पत्ति वा भौतिक पूर्वाधारहरूको स्थापना तथा सञ्चालन गर्न आवश्यक लगानी जुटाउने प्रयोजनका लागि निजी क्षेत्रले त्यस्तो करारअन्तर्गत सृजित सम्पत्ति र अन्य सम्पत्ति एवं करारीय हक भोगाधिकारलाई हस्तान्तरण हुन सक्ने गरी बकंै तथा वित्तीय संस्थाहरूमा सुरक्षणमा राख्नसक्ने व्यवस्था गर्न सकिनेछ । यस्तो सुरक्षण प्रदान गर्दा जुन प्रयोजनको लागि त्यस्तो करार भएको हो सोही करारलाई परिपालना र निरन्तरता दिनुपर्र्नेछ

। योजना स्थापना एवं सञ्चालनका लागि आवश्यकता अनुसार स्थानीय निकायले अन्य कुनै तरिकाबाट सुरक्षण तथा ऋण उपलव्ध गराउने व्यवस्था गर्न सक्नेछ ।

## ८ कानूनको तर्जुमा

यस नीतिलाई कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने ऐन तथा नियमहरूको व्यवस्था वा परिमार्जन नेपाल सरकारलेगर्न सक्नेछ ।

## ९ सार्वजनिक-निजी साझेदारी समिति

यस नीतिलाई कार्यान्वयन गर्न स्थानीय निकाय एवं निजी क्षेत्र सम्मिलित समिति रहने छ, जसले साझेदारी सम्वन्धी कार्यहरुलाई व्यवस्थित एवं पारदर्शी किसिमवाट कार्यान्वयनमा ल्याउने छ ।

## १० सार्वजजनिक-निजी साझेदेदारी सम्वन्धी विवाद समाधान

सार्वजनिक-निजी साझेदारीमा संलग्न पक्षहरुवीच उत्पन्न विवाद समाधानको लागि सम्वन्धित पक्षहरुको प्रतिनिधित्वहुनेगरी विवाद समाधान गर्ने व्यवस्था रहनेछ ।

## ११ निर्देशिका तथा कार्यान्वयन कार्यविधि

यो नीतिलाई सरल र स्पष्ट रूपमा कार्यान्वयन गर्न आवश्यक निर्देशिका तथा कार्यान्वयन कार्यविधि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले प्रचलित कानून अन्तर्गत रही जारी गर्न सक्नेछ । उक्त निर्देशिका तथा कार्यान्वयन कार्यविधि यसै नीतिको अङ्गमानिने छ ।